घरपभोङ गाउँपालिका
गाउँ कार्यपालिका
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपभ्फोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ३७औं बैठकको निर्णयहरु

मिति २०८१।८।१९

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।७।३० गते बसेको ३६औं बैठकमा ११ वटा निर्णयहरु भएका थिए । उक्त निर्णयहरुको कार्यान्वयन समिक्षा गर्दा १) घर नक्सा सम्बन्धी मापदण्डको कार्यविधि, २०७५ लाई सशक्त रुपमा कार्यान्वयनमा ल्याउनका वडाहरुले निगरानी बढाउनु पर्ने साथै अटेर गर्ने सेवाग्राहीलाई वडाबाट उपलब्ध हुने सेवासुविधा लगायत सिफारिस नदिने गरी व्यवस्था मिलाउने सम्बन्धी सबै वडाहरुलाई पत्राचार भयो, २) सडकबोर्ड नेपालमा प्रस्ताव पेश गर्ने निर्णय भएका योजनाहरुको लागत अनुमान तयार भई रहेको, ३) तथ्याङ्क संकलक र कार्यालय सहयोगी करारमा लिने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन भएको र नियुक्तिको प्रकृया अघी बढ्ने क्रममा रहेको, ४) पर्यटन सूचना केन्द्र सँग रहेको १ कोठा र स्मार्ट शौचालय सञ्चालनको लागि ईच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान सम्बन्धी सार्वजनिक सूचना बमोजिम पर्न आएका निवेदनहरुको मूल्याङ्कन भई सकेको निजहरु सँग सम्झौता हुन बाँकि रहेको व्यहोरा जानकारी भयो साथै गाउँपालिकाको सभाहलमा AC जडान गर्ने सम्बन्धमामा स्थानीय स्तरमा दक्ष प्राविधिक उपलब्ध नभएकोले जडान हुन नसकेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

ललितपुर महानगरपालिका पदाधिकारीहरुको स्वागत तथा भगिनी सम्बन्ध सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस घरपभ्फोङ गाउँपालिका, मुस्ताङ र ललितपुर महानगरपालिका, ललितपुरले विभिन्न विकास सहकार्य गर्ने गरी दुई स्थानीय तह बीच भगिनी सम्बन्ध कायम गर्नका लागि यस गाउँपालिकाको निर्णय अनुसार अनुरोध भएकोमा, ललितपुर महानगरपालिकाले प्रस्ताव स्वीकार गरी भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धी समझदारी-पत्र हस्ताक्षर गर्ने कार्यक्रम यही २०८१ साल मंसिर २२ गते तय भएको व्यहोरा जानकारी भयो । समझदारी-पत्रको व्यहोरा र यस गाउँपालिकाले ललितपुर महानगरपालिकालाई उपलब्ध गराउने कदर-पत्रको व्यहोरा बारे समेत जानकारी भयो । मिति २०८१।८।२२ गते दिनको ०१:०० बजे घरपभ्फोङ गाउँपालिकाको सभाहलमा आयोजना हुने समझदारी-पत्र हस्ताक्षर कार्यक्रम साथै छलफल कार्यक्रममा यस गाउँपालिकाका जनप्रतिनिधिज्यूहरु र कर्मचारीहरु उपस्थित गराउने र सहभागीहरुलाई खाजा र खानाको व्यवस्था

निर्णय प्रमाणित ।
०८१।०८।१९

गाउँपालिकाबाट गर्ने सर्वसम्मत निर्णय गरियो । साथै ललितपुर महानगरपालिकाका प्रमुख सहितको टोलीलाई गाउँपालिकाले स्वागत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

महालेखापरीक्षकको कार्यालयबाट यस गाउँपालिकाको आ.ब. २०८०।८१ को सम्पन्न भएको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनलाई आर्थिक प्रशासन शाखाका लेखापाल श्री आशिष भण्डारीबाट बैठकमा पेश भयो । प्रारम्भिक प्रतिवेदन उपर विस्तृत रुपमा छलफल भयो । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धन्तिक रुपमा देखिएका बेरुजुको मात्रा धेरै रहेको हुँदा त्यस्ता बेरुजुलाई न्युन गर्दै जानका लागि सम्बन्धित शाखाहरुबाट पहल हुनु पर्ने तथा सबै पक्षले आ-आफ्नो तर्फबाट बेरुजु हुन नदिने तर्फ विशेष ध्यान दिई योजना तथा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

सैनिक उच्च शिखर शिक्षालय कैसाङ क्याम्प जाने मोटरबाटो मर्मतका लागि उपलब्ध गराईएको ग्याबिन तारजालीको अनुमोदन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

सैनिक उच्च शिखर शिक्षालय कैसाङ क्याम्प जाने मोटरबाटो यस बर्षको मिति २०८१।६।८ गते देखि १३ गते सम्मको अविरल बर्षाका कारण क्षति पुगेको हुँदा निर्णयानुसार यस अघि २० थान ग्याबिन तारजाली उपलब्ध गराईएकोमा बाटोको मर्मत कार्यहुँदै गर्दा थप २९ थान ग्याविन तारजाली आवश्यक परेको भनी सैनिक उच्च शिखर शिक्षालयलाई अपुग थप २९ थान ग्याबिन तारजाली उपलब्ध गराईएको हुँदा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो, तारजालीको विवरण यस प्रकार रहेको छ १) ३x१x१ : ११ थान र २) २x१x१ : १८ थान।

**प्रस्ताव नं. ५ :-**

Apex-Amit J.V. को पत्रको सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

राष्ट्रिय योजना आयोगबाट आ.ब. २०७६।७७ मा स्वीकृत विशेष अनुदान तर्फ बहुवर्षिय योजना :- जोमसोम देखि जोमसोम भिउ टावर सम्म रेलिङ सहितको सिढी निर्माण योजना, घरपझोङ-४ निर्माण गर्ने ठेकेदार एपेक्स-अमित जे.भी.ले मिति २०८१।८।१८ गते निवेदन पेश गरी कम गरेको ठेक्का बिल रकम रु.५४,९०,१३३।६४ भुक्तानी माग गरेको । गाउँपालिकाबाट पटक पटक माग गर्दा समेत स्वीकृत लागत ईस्टिमेट अनुसार ठेकेदारले काम गरेको बिल अनुसार।को रकम संघीय सरकारबाट प्राप्त हुन नसकेको र यस गाउँपालिकाको अति न्यून आर्थिक श्रोतका कारण

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

ठेकेदारको बिल भुक्तानी हुन नसकेको हुँदा गाउँपालिकाको जनप्रतिनिधिज्यूहरु र ठेकेदारको प्रतिनिधि सहितको टोली बनाई पुनः राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा रकम निकासाको लागि पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

Cycle City कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस घरपझोङ गाउँपालिका पर्यटकीय स्थलको रुपमा रहेको र गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरुको प्रचार प्रसारको आवश्यकता रहेको । Cycle City पोखरा समूहले मिति २०८१।९।२९ गते सञ्चालन गर्न लागेको Cycle Rally र अन्तराष्ट्रिय स्तरको Cycle Racing प्रतियोगिता कार्यक्रमको अवसरमा पोखरामा भेला हुने स्वदेशी तथा विदेशी सहभागी तथा पर्यटकहरु माझ गाउँपालिका र गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरुलाई चिनाउने उद्देश्यले Cycle Rally र Cycle Racing कार्यक्रमको प्रायोजन गर्ने सर्वसम्मत निर्णय गरियो । कार्यक्रम प्रायोजनको लागि आवश्य पर्ने रकम गाउँपालिका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूले गाउँपालिकाबाट आफुले पाउने सेवा सुविधाको रकमबाट खर्च गर्ने र कार्यक्रम सम्पन्न भए पश्चात खर्चको विवरण कार्यपालिकालाई जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

ठिनी स्याउ ग्राम सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

नेपाल सरकारको चालु आ.ब.२०८१।८२ को स्वीकृत स्याउ ग्राम निर्माण ठिनी स्याउ संकलन प्याकिङ, चिस्यान केन्द्र तथा बिक्रि केन्द्र निर्माण घरपझोङ-५, मुस्ताङ योजनाको यस आ.ब.मा चिस्यान केन्द्र (Freezer) निर्माण गर्ने कार्यक्रम रहेको र चिस्यान केन्द्रको लागत अनुमान तयार गर्ने जनशक्ति यस गाउँपालिकाको कार्यालयमा नरहेको हुँदा त्यस सँग सम्बन्धित प्राविधिकबाट परामर्श सेवा लिनु पर्ने भएकोले सोही कार्यक्रमको कन्टेन्जेन्सी रकमबाट खर्च गरी गाउँपालिका र परामर्शदाताको आपसी समझदारीको आधारमा सम्भव भएसम्म न्यून बजेटमा परामर्श सेवा लिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

चालु आ.ब. २०८१।८२ को स्वीकृत अध्ययन अवलोकन भ्रमण कार्यक्रममा विनियोजित रु.१०,००,०००।- बजेटको परिधि भित्र रही कार्यालयको नियमित सेवा प्रवाहमा असर नपर्ने गरी

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रमको आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

बार्षिक खरिद योजना सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

चालु आ.ब.को लागि गाउँसभाबाट स्वीकृत कार्यक्रमहरुको पेश भएको बार्षिक खरिद योजना, २०८१ उपर छलफल भयो र उक्त बार्षिक खरिद योजना, २०८१ लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

सुरक्षित आप्रवासन कार्यक्रमको जानकारी सम्बन्धमा ।

**निर्णय नं. १० :-**

चालु आ.ब. देखि यस गाउँपालिकामा लागु भएको सुरक्षित आप्रवासन कार्यक्रमको सम्बन्धमा मनोसामाजिक परामर्शकर्ता श्री सीमा चौधरी र परामर्शकर्ता (आप्रवासी श्रोत केन्द्र) श्री दिपीका चकिठिन थकालीबाट जानकारी गराईयो । आप्रवासीहरुको तथ्याङ्क व्यवस्थापन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ निजहरुले आवश्यक पहल गर्नु पर्ने निर्देशन समेत कार्यपालिकाबाट प्रदान भयो ।

**प्रस्ताव नं. ११ :-**

पत्रहरुको सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१३० मिति २०८१।८।७, च.न.१३१ मिति २०८१।८।१४ र च.नं.१३२ मिति २०८१।८।१४ गते को पत्रहरुबाट प्राप्त भएका सुझावहरु बारे जानकारी भयो । मन्त्रालयबाट प्राप्त भएका सुझावहरुलाई कार्यान्वयनमा ल्याउने, साथै ४ नं. वडाको च.नं.२०० मिति २०८१।८।१९ गतेको पत्रको सम्बन्धमा छलफल हुँदा कुलोको पानी निकासाको लागि आवश्यक परेको करिब १५ मिटर लम्बाईको पाईपको व्यवस्था वडाले गर्ने र पाईप खरिदको लागि लागेको खर्च निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८१।०८।१५